स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता आसिफ शाह ७ वर्षपछि फिल्म अभिनयमा फर्किने भएका छन् । सिमोस सुनुवारको निर्देशनमा बन्न लागेको फिल्म 'जन्ते बाख्रो'बाट उनको पुनरागमन हुन लागेको हो । यसअधि उनी सन् २०१७ मा प्रदर्शनमा आएको फिल्म 'दुई रुपैयाँ'मा देखिएका थिए । यसपछि उनको व्यस्तता रियालिटी शो उद्घोषण र म्यूजिक भिडियोमा रह्यो । उनी चाँडै फिल्म निर्माण गर्ने तयारीमा पनि छन् ।

**आजको विचार...**



नेतृत्व...
(दुई पेजमा)

प्रकाश नेपाल



आगामी भदौ २१ गते (तीजको दिन)देखि प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'को शीर्ष गीत सार्वजनिक गरिएको छ । गीतले त्रेता युगका रावण पात्रको बखान गरेको छ । यसमा अभिनेता पल शाह दोहोरो चरित्रमा देखिएका छन् । र, दुवैमा उनको गेटअप फरक छ । अभिनेत्री पूजा शर्मा पनि गीतमा प्रस्तुत छिन् । गीतको अन्तिममा निर्देशक सुदर्शन थापाको प्रवेशले 'सरप्राइज' दिन्छ । साउथ फिल्म 'पुष्पा २'को गीत 'पुष्पा पुष्पा'का गायक नाकाश अजिजको स्वर रहेको गीतमा कृष्णहरी बरालको शब्द रचना र रेवन आरती सिंहको संगीत छ ।

❐ वर्ष ३० ❐ अंक ३१ ❐ २०८१ साउन ३१ गते बिहीबार 15 August 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### बेलगोरोडमा संकटकाल घोषणा

**(रासस /सिन्ह्वा)**

**मस्को,** साउन ३०/रूसले बेलगोरोड क्षेत्रमा बढ्दो युक्रेनी गतिविधिका कारण उत्पन्न भएको असहज अवस्थालाई मध्यनजर गर्दै क्षेत्रीय संकटकाल घोषणा गरेको छ ।

अधिकारीहरूले आपतकालीन स्थितिलाई सँघीय स्तरमासमेत बढाउने विचार गरिरहेको यस क्षेत्रका संकटकालको घोषणा गरिएको गभर्नर व्याचेस्लाभ ग्लेडकोभले बुधबार टेलिग्राममार्फत जानकारी दिए ।

उनका अनुसार द्विपक्षीय द्वन्द्वका कारण बेलगोरोड क्षेत्रको अवस्था अत्यन्त तनावपूर्ण रहेको छ । युक्रेनी सशस्त्र बलले निरन्तर गोलाबारी गर्दा त्यस क्षेत्रका घरहरू ध्वस्त हुनुका साथै नागरिकको मृत्यु तथा घाइते भएका छन् ।

जनतालाई थप सुरक्षा प्रदान गरी प्रभावितहरूलाई थप सहयोग प्रदान गर्न आजदेखि सम्पूर्ण बेलगोरोड क्षेत्रमा संकटकालिन अवस्था घोषणा गरिएको छ, टेलिग्राममार्फत् जारी विज्ञप्तिमा उनले भने । क्षेत्रीय सरकारले संघीय स्तरमा सङ्कटको घोषणाका लागि अनुरोध गर्न संघीय आयोग समक्ष चाँडै अपिल गर्ने तयारीसमेत गरिरहेको गभर्नर ग्लेडकोभले बताए ।

# हराउँदै जनै बाट्ने संस्कृति, जोगाउँदै ब्राह्मण समाज

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ३०/हिन्दु परम्पराअनुसार जनैको धेरै महत्व छ । व्रतबन्धपछि होस् वा पूजामा जनै आवश्यक पर्छ नै । तागाधारीको पहिचान हो जनै । तर पछिल्लो समय तागाधारीहरु नै जनैको महत्वबारे अनविज्ञ बन्दै गएका छन् । जनैको महत्व पछिल्लो समय युवापुस्ताले नबुझ्दा संस्कृति समेत संकटमा पर्ने चिन्ता छ । जनतन पुरानो पुस्ताले जनै बनाउँदै आए पनि नयाँपुस्ताले यसतर्फ चासो नदेखाउँदा संस्कृति नै हराउँदै जान थालेपछि ब्राह्मण समाज नेपाल पाल्पाले भने संरक्षणका लागि चासो देखाएको छ । समाजले तानसेन नगरपालिका -२ वडा कार्यालयको आर्थिक सहयोगमा तानसेन नगर भित्रका विद्यार्थी, महिला, पुरुषहरुलाई जनै बाट्ने परम्परा सिकाएको छ । उसले केही दिन अघि ३ दिने जनै बनाउने तालिम दिएको छ । समाजले नयाँ पुस्तामा जनै बनाउने सिपको विकास गराई संस्कृति बचाई राख्न तालिम दिएको हो ।

नयाँ पुस्ताप्रति जनै बाट्ने परम्पराको विस्तार गरी विदेशी मुलुकबाट करोडौँ रुपैयाँको जनै आयात हुने र उक्त जनै विधिपूर्वक समेत नहुने हुँदा त्यसलाई रोक्न तालिम सञ्चालन गरिएको समाजका अध्यक्ष धर्मचन्द्र नेपालले बताए । जनैको आयात रोक्ने र संस्कृतिमा नयाँ पुस्तालाई आर्कषित गर्नुको साथै रोजगारसँग जोड्नका लागि वडा कार्यालयको सहयोगमा संस्कृतिको संरक्षणमा लागिएको उनको भनाई छ । 'तागाधारीको पहिचान भनेकै जनै रहेकोले यसको संरक्षणको लागि स्थानीय सरकारले अभियानकै रुपमा अगाडि बढाउनु पर्ने उनको तर्क छ । तालिमको शुभारम्भ गर्न पुगेकी तानसेन नगरपालिकाकी निमित्त नगर प्रमुख प्रतीक्षा सिंजालीले तालिमले नयाँ पुस्तामा जनै बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिन् । उनले संस्कृतिको संरक्षणमा समाजले देखाएको चासो र चिन्ता प्रसंशनिय रहेको बताईन् । सिंजालीले भनिन्, 'नयाँ पुस्ताले जनै बनाउन सिके हुने भन्ने थियो अहिले सिकाउने काम भएको छ ।



जनै बाट्न सिकाउँदै प्रशिक्षक, सिक्दै विद्यार्थी, महिला, पुरुषहरु । तस्बिर : जयराम सापकोटा/ एनजेडी

यो त सबैका लागि खुसीको कुरा हो । एकातिर संस्कृतिको जगेर्ना हुने र अर्कोतर्फ आयआर्जनमा टेवा पुग्ने भएकाले युवा पुस्ताले जनै बनाउन चासो दिए हुने हो ।' उनले यस्ता संस्कृतिको संरक्षणमा नगर सरकारले समेत विशेष ध्यान दिर्दै आएको उल्लेख गरिन् । कार्यक्रममा तानसेन- १ का वडाध्यक्ष सुनिल बस्याल, २ का वडाध्यक्ष महेश्वर श्रेष्ठ, २ की महिला वडा सदस्य सविता भट्टराई, प्राचार्य चक्रपाणी गौतम, सामाजिक तथा वौद्धिक व्यक्तित्व बुद्धि प्रसाद शर्मा, पत्रकार सेनानी मेघराज शर्मा, विश्वहिन्दु महासंघका केन्द्रीय सदस्य हरि शंकर बस्याल, तानसेन नगरपालिका प्रमुख प्रशासकिय अधिकृत हरिराम नागिला, अधिकृतहरु दुर्गा थापा, भरत आचार्य, कौशल न्यौपाने लगायतले हिन्दुहरुका लागि जनैको निकै महत्व रहे पनि बाहिरबाट कडोरौंको जनै आयात गर्नु पर्दा नेपाली पैसा विदेश पठाउनुपर्ने बाध्यता रहेकाले त्यसलाई रोक्न यस्ता तालिम महत्वपूर्ण हुने बताए । उनीहरुले स्थानीय स्तरमा जनै बनाउने तालिम लिई जनै उत्पादन गर्न सके संस्कृतिको जर्गेना हुने र व्यवसायिक रुपमा उत्पादन गर्न सके निम्न आय भएका व्यक्तिहरुका लागि जिविकोपार्जन समेत हुनेमा जोड दिए । मुख्य प्रशिक्षक नारायण प्रसाद अर्यालले यो पहिलो पटक आयोजना गरिएको तालिम भएकाले नयाँ पुस्तालाई सिक्न केही समय लाग्ने बताए । उनले छोटो समयको तालिमले मात्र सिकाइ पूर्ण नहुने भन्दै आगामी दिनहरुमा यसका लागि समय र दायरा फराकिलो पार्नु पर्नेमा जोड दिए । प्रशिक्षक नारायण प्रसाद अर्याल, धुर्व ज्ञवाली, हरी शंकर बस्याल, डुकुलराज ढकाल, गोविन्द नेपाल लगायतले जनै बनाउन सिकाएका थिए। उनीहरुले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न सहभागीहरुलाई आग्रह समेत गरे । प्रतिक्षार्थीहरु उज्ज्वल ज्ञवाली, तुल्सा नेपाल, विश्वराज रेग्मी लगायतले तालिम लिएपछि आफ्नो घरासयी प्रयोगका लागि आवश्यक जनै आफैंले बनाउन सकिने बताए । तालिममा ४२ जनाले तीन दिनसम्म तालिम लिएका थिए । तालिममा धागो तेब्राउने, सिका पार्ने र छ सराको बनाउने सीप सिकाइएको थियो । समाजका अध्यक्ष धर्मचन्द्र नेपालको अध्यक्षता,कोषाध्यक्ष कृष्ण चालिसेको स्वागत र सचिव पुरुषोत्तम अर्यालको सञ्चालनमा तालिम भएको थियो ।

**यसरी बन्छ जनै**

बजारबाट ल्याएको काँचो धागोलाई सानो चर्खाको सहायताले संगालेर जनै बनाउने गरिन्छ । कतुवाको सहायताले काँचो धागो बाटेपछि जनैको डोरा तयार हुन्छ । काँचो धागोको २७ सरा बेरेर ३ सरे र ५४ सरा बेरेर ६ सरे जनै तयार हुन्छ । शिखासहितको जनैलाई वैदिक मन्त्रले मन्त्रेपछि त्यो पूर्ण हुन्छ । शिखा जनैको महत्वपूर्ण भाग हो । यसलाई ब्रम्हगाँठो समेत भनिन्छ । स-साना नियमलाई उन्दै गएर जनै तयार हुन्छ । शास्त्रीय भाषामा जनैलाई यज्ञोपवित भनिन्छ । ब्राह्मणले उपनयन गरेपछि वेद पढ्नुपर्ने र वेद पढ्न जनै (ब्रह्मसूत्र) लगाएरै पढ्नुपर्ने मान्यता छ । यसले मान्छेलाई सांस्कृतिक रुपमा अनुशासित बनाउने विश्वास रही आएको छ ।

## अपाङ्गता डिजिटल परिचय पत्र



**बुटवल,** साउन ३०/बुटवलमा अपाङ्गता भएकाहरुलाई डिजिटल प्रविधिबाट परिचय पत्र प्रदान गर्न शुरु गरिएको छ । बुटवल उपमहानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन र सेवा प्रवाहलाई व्यवस्थित गर्न सृटवेयरमार्फत तथ्यांक संकलन गर्दै परिचय पत्र वितरण शुरु गरिएको हो ।

बुधबार बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले डिजिटल परिचय पत्र वितरण गरेर सेवाको शुभारम्भ गरेकी हुन् । उनले नगरलाई डिजिटल रुपमा अगाडि लैजाने र डिजिटल प्रविधिका कारण सेवाग्राहीलाई सहज हुने विश्वास व्यक्त गरिन् ।

बुटवल उपमहानगरपालिकाबाट परिचय पत्र लिएका ९ सय ६४ जना रहेको र बाँकी रहेका भएका व्यक्तिहरुलाई नियमित रुपमा वितरण गर्ने सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख संगीता अर्यालले बताइन् । उनका अनुसार बुटवलमा क वर्गको रातो परिचय पत्र लिने ३ सय, ख वर्गको निलो ४ सय २५, ग वर्गको पहेलो २ सय १३ र घ वर्गको सेतो परिचय पत्र लिने २८ जना अपांगता भएका व्यक्तिहरु रहेका छन् ।

## गुल्मीको रेसुङ्गा र मदानेमा भेटिए नयाँ प्रजातिका आठ चरा

**गुल्मी,** साउन ३०/रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा आठ प्रकारका नयाँ प्रजातिका चरा फेला परेका छन् । नेपाल पक्षी संरक्षण संघले गरेको सर्वेक्षणअनुसार मदाने र रेसुङ्गा संरक्षित वन क्षेत्रमा ती चरा फेलापरेका संघका परियोजना अधिकृत भरत पन्थील जानकारी दिए ।

मदाने वन क्षेत्रमा भेटिएका थप नयाँ प्रजातिका चरामा चाकासूचक, कालोकण्ठे भुइँरोबिन, श्यामश्वेत अर्जुनक, कालो बुङ्गेचरी, आली चुइँया र हिमाली लेकचरी र रेसुङ्गा वन क्षेत्रमा सानो सेतो बकुल्ला नामको नयाँ प्रजाति फेला परेको परियोजना अधिकृत पन्थीले बताए । वर्षमा दुईपटक म्याकिनन्स लिस्टिङ मेर्थड विधिको माध्यमबाट गुल्मीमा चराको सर्वेक्षण गरिँदै आएको उनको भनाई छ । विश्वमा पाइने दुर्लभ प्रजातिका चरामध्ये गुल्मीमा मात्र छ किसिमका चरा पाइन्छन् । गुल्मीको रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्रमा दुर्लभ प्रजातिका चराहरुमध्ये रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालिज, रणमच्च



महाचिल, डङ्गर गिद्द, सोतो गिद्द, सुन गिद्द र गोमायो महाचिल पाइन्छन् । रेसुङ्गा र मदाने वन क्षेत्रमा नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर पाइन्छ । नेपालमा पाइने आठ सय ९२ प्रजातिका चरामध्ये गुल्मीमा मात्र विभिन्न प्रजातिका ३५ प्रतिशत चरा पाइन्छन् । एक सर्वेक्षणअनुसार रेसुङ्गामा दुई सय ६३ र मदानेमा २ सय ८६ प्रजातिका चरा फेला परेका हुन । मदानेको वन क्षेत्र नौ सय ७५ मिटरदेखि दुई हजार छ सय ९० मिटर र रेसुङ्गा वन क्षेत्र पाँच सय ७५ देखि दुई हजार तीन सय ४५ मिटर उचाइसम्म रहेको छ । वनको क्षेत्रफलको हिसाबले रेसुङ्गा १९ हजार दुई सय ८१ हेक्टर र मदाने १३ हजार सात सय ४३ हेक्टर क्षेत्रफल छ । रेसुङ्गा र मदाने संरक्षित वनमा दुर्लभ प्रजातिका चराको संख्यामा वृद्धि हुँदै गएको परियोजना अधिकृत भरत पन्थीले बताए ।

विश्वमा नेपालमा मात्र पाइने काँडे भ्याकुर रेसुङ्गा वन क्षेत्रमा मात्र पाइने भएकाले यसको संरक्षणका लागि संकटापन्न अवस्थामा रहेका चराको बासस्थानलाई जोगाइराख्न स्थानीय पालिकाहरूको भूमिका महत्वपूर्ण हुने डिभिजन वन कार्यालयका प्रमुख जीवन पङ्गेनीले बताए । नेपाल पक्षी संरक्षण संघले वन क्षेत्रसँग जोडिएका वडामा जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रमले दुर्लभ चराको खोजी गरी वन क्षेत्रसँग जोडिएका स्थानीयलाई वनको संरक्षणमा टेवा पुऱ्याएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सहकारीपीडितप्रति गम्भीर बन

पटक-पटक सरकार परिवर्तन भए तर पनि सहकारीपीडितका माग जस्ताको त्यस्तै छन् । आम सर्वसाधारणको पसिनाको कमाइ सहकारीले फिर्ता नगरेपछि चलेको रुवावासी एक वर्ष भन्दा बढी भयो । सहकारीबाट बचत फिर्ताको माग गरेर आन्दोलनमा उत्रेका पीडितले पटक-पटक सरकारसँग सम्झौता गरे पनि अझैसम्म फिर्ता पाउन सकेका छैनन् । पहिलेदेखि नै जिल्लादेखि केन्द्रसम्म आन्दोलन गर्दै आएका सहकारी पीडितहरु अहिले फेरी आन्दोलनमा उत्रिएका छन् । सहकारीमा डुबेको बचत फिर्ताको सुनिश्चितता नभएको र बचत अपचलन गर्नेहरूमाथि सरकारले अनुसन्धान नगरेको भन्दै बुटवलको सुप्रिम सहकारीका बचतकर्ता फेरि आन्दोलित भएका छन् । रकम फिर्ताका लागि हारगुहार गरेको एक वर्ष पुग्दा पनि सरकारबाट कुनै पहल नभएपछि उनी फेरि आन्दोलन उत्रिएका हुन् । आइतबार झण्डै ५ सय जना सहकारीपीडितहरूले लुम्बिनी प्रदेशको राजधानी देउखुरी पुगेर धर्ना दिने र ज्ञापनपत्र बुझाउने काम गरेका छन् ।

देशभरिका सहकारी सदस्यहरुको संख्यालाई हेर्ने हो भने त्यो ७५ लाखभन्दा बढी छ । त्यसमध्ये पनि अधिकांश त आर्थिकरुपमा सक्षम नभएका समुदाय छन् । भविष्यका लागि समेत केही आडभरोसा भैहाल्छ कि भन्ने सोचले खाइनखाई यति ठूलो सर्वसाधारणको संख्याले जम्मा गरेको अरबौं रकम डुब्न पुगेको छ । जसले उनीहरु निराश हुन बाध्य छन् । सरकारले बेला बेलामा सहकारीसँग सम्झौता गर्दै आएको छ । तर ति सम्झौता कार्यान्वयन गर्ने दिशामा एकरत्ति पनि सरकारले ध्यान दिएको छैन । यो अत्यन्त दुखको कुरा हो । सरकार जनताका यस्ता समस्या र पीडाप्रति किन संवेदनशील बन्दैन ? सरकारले चाहने हो भने फरार व्यक्तिहरूलाई तत्कालै पक्राउ गर्न सक्छ । जनताले पसिना बगाएर बचत गरेको रकम अपचलन गर्दासमेत सरकार गम्भीर नहुनु अत्यन्तै दुःखद हो । सहकारीपीडितहरु बिगत डेढ वर्षदेखि आफुहरुले जम्मा गरेको पैसा देऊ न भन्दै लडिरहेका छन् तर, प्रदेश सरकार र संघीय सरकारले कत्ति पनि सरकार भए जस्तो अनुभूति जनतालाई दिलाउन सकेका छैनन् । यो निकै दुःखद विषाय हो । कतिपय सहकारी पीडितले आत्महत्या गरेर अकालमै आफ्नो जीवन त्यागेका दुःखद घटना समेत भएका छन् । यस्तो हुँदा समेत सरकार र सम्बन्धित निकाय गम्भीर बन्न सकेका छैनन् । सहकारीपीडितहरूको डुबेको पैसा दिलाउने काम राज्यको हो । हिनामिना गरेका सञ्चालकहरूलाई पक्राउ, उनीहरूका सम्पत्ति खोजबिन गरी बेचबिखन गरेर बचतकर्ताको पैसा फिर्ता गर्ने काममा सरकार गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

अक्सर एक्लै हुन्छु, एक्लै रुन्छुएक्लै सम्हालिन्छु
आखिर एक्लोपन पनि त साथी रहेछ ।
*(अनु सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/sunar.anu9)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेतृत्व नै सामन्ती भएपछि...



प्रकाश नेपाल
prakashnepal014@gmail.com

> *नेकपा एमालेले सामाजिक जीवनमा नैतिकता गुमाएका व्यक्तिहरुलाई सरकारमा पठाउने सवालमा बढी जिम्मेवारी देखियो । नेपाली काँग्रेसले त फौजदारी अभियोग लागेका तर भ्रष्ट इमान्दार व्यक्तिहरुलाई सरकारमा सामेल गराएको प्रकरण पार्टीको केन्द्रिय समितिको बैठकमा समेत जय जयकारको बहस भएको सबैलाई थाहा नहुन पनि सक्छ । नेतृत्वले मनमौजी गरेका कारण प्रमुख सचेतकले आफ्नो पदबाट राजीनामा गरेको कुरा सार्वजनिक भयो । यही विषयमा केन्द्रिय नेतृत्व मौन रहेको छ । लुम्बिनी सरकारमा सहभागी मध्ये हुन बादशाह कुर्मी उनी चेतनारायण आचार्यको मुख्य मन्त्रीको मण्डलमा सदस्य हुन । उनको विरुद्धमा एउटा महिला सदस्य अनसन बसेको विरुद्धमा काँग्रेस नेतृत्व अनविज्ञ नै छैन् । उनी गत निर्वाचनमा गठबन्धन दलबाट बाँके ३ (२) बाट निर्वाचित बादशाह कुर्मी विरुद्ध नेपालगञ्ज १७ परस्परकी निर्मला कुर्मीको शकास्पद मृत्यु प्रकरणमा संलग्न भएको आरोपमा प्रहरीमा मुद्धा जिवीतै छ ।*

यतिखेर मुख्य दुई ठूला दलहरुको एकै ठाउँमा छन् । काँग्रेस र एमालेको नेतृत्वमा अहिले सरकार चलिरहेको छ । दुई दलको मिलेमतोमा सरकार बने पनि आमजनता भने सरकारप्रति उत्साहित छैनन् । जनता मात्र नभई त्यही दलका कार्यकर्ता समेत खुसी छैनन् । पहिलो त लुम्बिनी सरकारको विषयमा नेकपा एमाले भित्र खलबल भयो । सरकारको नेतृत्वको विषयलाई लिएर नेकपा एमालेको एउटा खेमा निरास छ । लुम्बिनीको नेतृत्वमा मात्र विवाद देखिएको होइन । मन्त्री मण्डलको सदस्यमा समेत एउटा खेमा खिन्न र निरास भयो । मुलत: यस्तो हुनु भनेको नेतृत्वको हैकमवाद हो । नेकपा एमाले भित्रको अन्तर द्वन्द्ध बाहिर सडकमा आउँदैन । तर काँग्रेसको विवाद खोलाको पानी जस्तै छताछुल्ल हुन्छ । दुई दलको फरक यही हो ।

नेकपा एमालेले सामाजिक जीवनमा नैतिकता गुमाएका व्यक्तिहरुलाई सरकारमा पठाउने सवालमा बढी जिम्मेवारी देखियो । नेपाली काँग्रेसले त फौजदारी अभियोग लागेका तर भ्रष्ट इमान्दार व्यक्तिहरुलाई सरकारमा सामेल गराएको प्रकरण पार्टीको केन्द्रिय समितिको बैठकमा समेत जय जयकारको बहस भएको सबैलाई थाहा नहुन पनि सक्छ । नेतृत्वले मनमौजी गरेका कारण प्रमुख सचेतकले आफ्नो पदबाट राजीनामा गरेको कुरा सार्वजनिक भयो । यही विषयमा केन्द्रिय नेतृत्व मौन रहेको छ । लुम्बिनी सरकारमा सहभागी मध्ये हुन बादशाह कुर्मी उनी चेतनारायण आचार्यको मुख्य मन्त्रीको मण्डलमा सदस्य हुन । उनको विरुद्धमा एउटा महिला सदस्य अनसन बसेको विरुद्धमा काँग्रेस नेतृत्व अनविज्ञ नै छैन् । उनी गत निर्वाचनमा गठबन्धन दलबाट बाँके ३ (२) बाट निर्वाचित बादशाह कुर्मी विरुद्ध नेपालगञ्ज १७ परस्परकी निर्मला कुर्मीको शकास्पद मृत्यु प्रकरणमा संलग्न भएको आरोपमा प्रहरीमा मुद्धा जिवीतै छ । उनी मात्र होइन काँग्रेसबाट रोज राणा पनि विवादित मन्त्री हुन् । यस्ता यस्ता घटनाका कारणले काँग्रेस वृत्तमा सरकार बनेको आमजनतालाई कौवालाई बेल पाक्नु जस्तै भएको छ । रोज राणाको इतिहास डान्सवारमा युवतीलाई नग्न नृत्य गर्न लगाएको आरोपमा ५ पटकसम्म पक्राउ पर्दै छुट्दै गरेका व्यक्तिलाई काँग्रेसका मुख्यमन्त्री डिल्ली चौधरीले यातायात मन्त्री बनाएका राणा पुन: मन्त्री बनेका छन् । यसले गर्दा काँग्रेसको लुम्बिनी प्रदेश समिति केन्द्रिय नेतृत्वसँग सन्तोष छैन् । संघीयता भनेको केन्द्रको अधिकार तलसम्म दिनु भनेको नै संघीयता हो तर मुख्य दलका नेतृत्वले संघीयताको मुख्य मर्म र भावना बुझेको हो की बुझेर पनि बुझ पचाएको हो त्यो त उनीहरुलाई नै थाहा होला । लोकतन्त्र व्यवस्थाको मूल मन्त्र भनेको दल हो । दलमा पनि आन्तरिक लोकतन्त्रको विकास हुनु हो तर दलमा आन्तरिक लोकतन्त्रको विकास हुनुको सट्टामा जहाँनिया राणा शाशन र आजको लोकतन्त्रमा केही फरक छैन् । कागजमा लोकतन्त्रका खेस्राहरु कोरिए पनि नेताको नेतृत्व पक्ष, विचार ,पद्धती भने एकात्मक भनै कै सामन्तवादी हो । कुन प्रदेशमा कसलाई मन्त्री बनाउने भन्ने विषयमा छनोट गर्ने काम प्रदेश तहको समितिको हो । संघीय सरकारको मन्त्री छनोट गर्ने काम केन्द्रिय समितिको हो । यहाँ त केन्द्रमा सरकार परिवर्तन हुँदा प्रदेशको समेत नाम नेताको गोजीबाट आउनु अचम्मको खेल हो । नेकपा एमालेबाट लिला गिरीको नाम प्रस्तावित थियो ।

शंकर पोखरेलले गिरीलाई बिष्णु पौडेलको गुटको लेबुल लगाएर आफ्ना गुटका चेत नारायण आचार्यलाई मुख्य मन्त्री बनाए । पार्टीमा यस्ता विधी तथा पद्धती नै घातक हो । यसले कालान्तरमा पार्टीलाई नै नोक्सान हुने हो । यस्ता यस्ता कारणले गर्दा पार्टी नेतृत्व प्रति आम कार्यकर्ताको विश्वास घटेको छ ।

समस्या काँग्रेस पार्टीमा छ । काँग्रेसमा शेरबहादुर देउवा, शेखर कोइराला, गगन थापा,कृष्ण सिटौला नेताको गुट बनेको छ । यही गुटका कारण संघीय सरकारले पूर्णता पाउन सकेको छैन् । लुम्बिनी, कोशी प्रदेश सरकारमा काँग्रेसको आन्तरिक विवादका कारण सरकारले पूर्णता पाउन सकेका छैनन् । यस्ता कारणले नै लोकतन्त्रलाई कमजोर बनाइ रहेको छ । दल भन्ना साथ दलिय व्यवस्था हो । दलका कारणले पनि दलिय व्यवस्था नै अपहरणमा परेको धेरै पटक भयो । दलिय व्यवस्थाका नेताहरु मात्र नभई कार्याकर्ताको प्रवृतिले पनि दलिय व्यवस्था धरापमा परिरहेको छ । २०५१ सालमा मध्यवती चुनाव हुनुमा एमालेको कारणले होइन । काँग्रेसको आन्तरिक कलहले हो । २०५६ सालमा काँग्रेसले कृष्ण प्रसाद भट्टराईको नाम भजाएर बहुमत ल्यायो । त्यही बहुमत काँग्रेसलाई पचेन । सात महिनापछि गिरिजाले कृष्ण प्रसाद भट्टराईलाई अपदस्त गरे । पालाको पैचो भने जस्तै गिरीजाललाई शेरबहादुर देउवाले सत्ताच्युत मात्र गरेनन् पार्टी पनि फुटाएर छाडे । २०५८ साल जेठ १९ गते राजा विरेन्द्रको सर्वनाश भएपछि उनका भाई ज्ञानेन्द्रले दलिय व्यवस्थालाई पुन: लत्याउदै प्रत्यक्ष शाशन गर्न थाले । काँग्रेसका लागि सत्ता पच्दैन् । इतिहासदेखि वर्तमानलाई सम्म समिक्षा गर्ने हो भने पाटी र सरकार बिचमा कही कतै तालमेल भएको छैन् । यसको मतलव नेतृत्व तानाशाह हुनु हो ।

काँग्रेसको नियत हेर्ने हो भने प्रदेश सरकारदेखि संघीय सरकारमा सहभागी भएका सदस्यहरु सबै विवादको बस्त्र पहिरिएका छन् । सबै भन्दा विवादको घेरामा परेको देउवा पत्नी आरजू राणा नै हो । हुन त उनी जन्म जात नै राणाकी पुत्री भइन् । उनी सरकारमा जानु पर्ने के बाध्यता थियो र ? जनताको सेवा त सरकारमा नगई पनि गर्न सकिन्छ नि ? देउवाकी पत्नी गठबन्धन तोड्ने सवालमा महत्वपूर्ण भूमिका रहेका कारणले हो । अरु कुनै कारण छैन् । मुलुकमा राजनैतिक परिवर्तनका लागि उनको योगदान अत्यन्तै कम छ । दलिय व्यवस्थामा यस्ता पात्रलाई फाइदा हुने न हो । नेकपा एमालेका के.पी ओली पार्टी अध्यक्ष नभएको भए विद्यादेवी भण्डारी नेकपा एमालेको केन्द्रीय सदस्य मात्रै हुन । ओली कै कारण उनी पार्टी उपाध्यक्ष भएकी हुन् । फेरी दुई /दुई पटक राष्ट्रपति हुन उनको क्षमता भन्दा ठूलो त उनी ओली निकट हुनु हो । यस्ता यस्ता मुलुकको भन्दा व्यक्तिगत तथा पार्टीगत स्थार्वका कारणले गर्दा पनि हाम्रो जस्तो अविकसीत मुलुकमा नयाँ-नयाँ दलहरुको उदय हुनु र उनीहरुप्रति जनता आर्कषित भएका हुन् । काँग्रेसलाई पुरानो पञ्चे भनिए पनि त्यही रोग नेकपा एमालेमा मात्र होइन । पछि जन्मिएका माओवादी हुँदै राष्ट्रिय स्वतन्त्र पार्टीसम्म पनि त्यही समूहमा पुगेको आज सबै जनताले महसुस गर्न लागेका छन् । जनतामा पनि राम्रो भन्दा हाम्रो भन्ने परिपाटी बसेको छ । नत्र भने चुनावमा कसैलाई पनि भोटै नदिए हुन्छ नि ? पहिलो परिवार त्यसपछि आफन्त त्यसपछि आफ्नो गुट समूह । नेता जति सक्षम र सवल भएपनि समूहमा नमिल्दा बाहिरीनु परेको हाम्रो समाजमा थुप्रै उदाहरणहरु देखिन्छन् । सही र सत्य बोल्नेहरु सधै किनारा नै लाग्नु परेको आज मात्र पनि होइन् । यस्ता यस्ता थुप्रै कारणबाट आज लोकतन्त्र खतरामा परेको छ र अबका दिनमा नयाँ नया शक्तिहरु पनि उत्पन्न हुने धेरै सम्भावना देखिन्छ । ***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : यात्रा गर्दा ध्यान दिनुहोला । आफन्तको साथ र सहयोग पाइनेछ । | **तुला** : झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा कमी आउनेछ। |
| **वृष** : निर्णय कार्यान्वयन हुन सक्दैनन् । आफ्नो विचार विपरित निर्णय हुनेछ । | **वृश्चिक** : दिन मनोरञ्जनपूर्ण रहनेछ । व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ । |
| **मिथुन** : काममा बाधा आउला । आत्मबलमा कमी आउनेछ । | **धनु** : आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम सुरु हुन सक्छ। |
| **कर्कट** : व्यापारमा वृद्धि हुनुका साथै कार्यलाभका योग पनि देखिन्छन् । | **मकर** : मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |
| **सिंह** : वाणीमा कुशलता आउने दिन परेको छ । यात्रा गर्ने अवसर जुट्नेछ । | **कुम्भ** : मन खिन्न हुने स्थिति आउनेछ। योजना गोप्य राखेर अघि बढ्नुहोला । |
| **कन्या** : जिम्मेवारी वहन गर्ने समय आएको छ । परोपकारी कार्यमा संलग्न भइनेछ । | **मीन** : परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । |




कथा ● ● भोज अर्याल

# घोप्टे भिरको घर

घोप्टे भिरको अलि तल पट्टि, भनौं काख्खैमा एउटा सानो बस्ती छ । हेर्दा ढल्नै लागेको हो कि जस्ता लाग्ने चार वटा घर छन् । पारि पट्टि लमतन्न ठूलो पहिरो छ । तर ती घर लैजान सकेको छैन । कुन शर्तले गर्दा हो थाहा छैन, घर खडै छन् । भगवान् नै जानुन् ! जंगलको मुख्खै नेर अलि डर लाग्दो छ । बेलुका पख बुढापाका त डराउककंछन् बाहिर निस्किन । केटाकेटीको त भन् कुरै छोडौं ।

कात्तिक महिनाको अन्तिम दिन अलि छिट्टै अँध्यारो भयो शायद । आकाशमा कालो बादलले छोपेर अलि धुम्म छ । तल बाटैबाट कोही मधुर स्वरले गीत गाउँदै उकालो चढेको भैं लाग्छ । एकै छिनमा सुन्तली घरको छेवैमा पुगिन् र ढुङ्गा भन्दा पनि गह्रुँगो चिसो धानको बोरा पिँढीमा बजार्ने गरी फालिन् । भित्रबाट 'को हो को ?' भन्दै केटाकेटी उछिट्टिँदै बाहिर आए । सास फुलेर होला उकालो चढ्दा ऊनी बोल्न पनि सकिनन् । घरको बाहिर कुनामा मैरोको तल पुगिन् टाउको बाङ्गो गर्दै । घैंटोबाट सारेर एक अम्खोरा हिउँ जस्तै चिसो पानी घटघट पारिन् । पर दलानमा पुगेर भुईंमा पसारिएर बसिन् । सुईंय सुस्केरा काढेर । एक सुरले भुतभुताउन थालिन्, 'बैगुनीले छोडेर गयो । मलाई मात्रै..! उस्का सन्तान हुर्काउने ठेक्का लिएकी छु र मैले मात्रै...!' दशैंको टिका घरमै सही सलामतले लगाएका हुन् । बुढा सासू ससुराको हातको टिका पनि लगाएका थिए । ससुराली पुगेर जहानसककँ । तर पूर्णिमाको भोलिपल्ट आइपुगेको तिहार नभनेर हिंडेछन् सन्तराम । एका बिहानै भिसमिसेमै । हाँसीखुशी सककँ खाना खाएर सुतेका थिए सन्तराम । बिहान घरमा नभेटेपछि सुन्तली ठूलो सन्तापमा परिन् । केही गर्न नसक्ने भइन् दुई-चार दिन । अन्न न पानी भएर बाँच्ने भइन् । छरछिमेकले सम्भाइ-बुझाइ गर्दा बल्लबल्ल मन कसेर बसिछन् । बालबच्चाको मुख हेरेर । तर नराम्रो भट्का रहिरहेको रहेछ मनमा । जुन कुरा सुन्तलीले लुकाउन पनि सकिनन् धेरै पछि सम्म । सन्तराम फाटेर भल्लु परेको कमिज र दश ठाउककमा टालेको पाइन्ट भिरेर भाले नबास्दै हिंडेका हुन् रे । कात्तिक मासको ठिहीमा चप्पल मात्रै लाएर । बिहानै हिंड्दा पधेर्नीहरूले देखेका हुन् रे तर ऊनी घोसेमुन्टो पारेर बोल्दै नबोली बाटो काटेका रहेछन् । सबै कुरा सुन्तलीलाई पल्लाघरे साईंलीले भनेकी रहिछन् । उता दिन र महिना बित्यो, सन्तराम आएनन् घर फर्केर । दुईचार महिनामा गाउककँ एक जना छिमेकी मुलुक बसेर घर फर्किदा खबर बोकेर आएछन् । सन्तराम त दिल्लीमा दशा देखाउन पो पुगेका रहेछन् । शुरू कै दिनमा जाडोले कठ्रेर धन्न मरेनछन् । तर अलि पछि काम पाएर मुखमा माड हाल्ने मेसो गरेर उतै बसेर जुनी काट्ने निधो गरेछन् । ढुङ्गा कै रहेछ उनको मन पनि । घर परिवार पन्छाएर एक्लै बाँच्ने रहर । यता सुन्तली अब एक्लै भइन् । समय बित्दै गयो । बाल बच्चा पालेर बस्नुको विकल्प रहेन । सानो भुपडीमा बस्छिन् । चारवटा बारीका पाटाहरू छन् । सन्तरामले पहिले नै बेचेर खाइसकेका रहेछन् । मुश्किलले चार महिना पुग्दो हो खान । घरमा पुरुष नभए पनि मन सानो पारिनन् सुन्तलीले । जवानीका रहर त कति थिए होलान् तर मन अन्त डुलाइनन् । जिम्मेवारीबाट पछि हट्ने सुर गरिनन् । मानिसहरू पनि अचम्म पर्थे उनको हिम्मत हेरेर । एकदुई वटा भैंसी, बाखा तथा कुखुरा चल्ला पालेकी थिइन् । बाल्बच्चाहरू पाल्न हड्डी घोटेरै अरूको काम गर्थिन् । मात्र जीवन कटिरहेको छ । छेलोखेलो थिएन । बा भनेर बोलाउँदा बच्चाहरू विदेशिएका बा सम्झन्थें । तर सन्तराम आएनन् । सन्तानको मायाले हिरिक्क हुन्थे सन्तराम । उसो त सुन्तलीलाई पनि माया गर्थे । भैंभगडा पर्थेन खासै । तर किन हो कुन्नि मन नै भाँच्चिएर हिंडेका सन्तराम ? सुन्तलीको दुखकष्ट कसले बुभुन्, एक पटक दाउरा काट्दा भीरमा चिप्लेर धन्नै मरिनन् । वर्षाको भेलमा पहिरोले घर नै लैजाला भैं गर्यो । छोराछोरी छिमेकीको घरमा लगेर बचाइन् मध्य रातमा पनि । कहिले वैशाखको धूपमा जंगलको आगोले घर नै खान खोज्यो । तर ऊनी गाग्रोमा पानी बोकेर छानोमा पुगेर बस्थिन् । बेऊनी भैंसी पाडो उल्टा परेर पनि बचाइन् । दुख गरेरै पनि कहिल्यै भोकै राखिनन् आफ्ना बचेरा जस्तै सन्तानलाई । पुरुषको जिम्मेवार वहन गर्दागर्दै पनि घरको छानो चुहिंदा छाउन कोसिस गरिनन् । हलो जोत्न खेतमा पसिनन् । महिलाले यी काम गर्न हुन्न भन्ने सामाजिक मान्यता तोड्न मानेन उनको मनले । बरु अर्मपर्म गरेरै काम चलाइन् । जीवनको रथ हाकिन् कठोर मन बनाएर । 'चराले त आफ्ना सन्तान हुर्काउँछ भने म के कम छु र ?' भन्थिन् सुन्तली । मीठो चोखो भेट्दा मुठीमा राखेर घर पुग्थिन् र बच्चाकै मुखमा पुराएकै हुन्थिन् । घरमा आउनी परपाहुनाको पनि खुबै ख्याल गर्ने गर्थिन ऊनी । वर्षहरू बिते तर सन्तराम आएनन् मन पग्लेर । चाडपर्व आए पनि सुन्तलीको लागि आएनन् कहिल्यै । मिठो मसिनो पाक्दा खुबै सम्झेर मन अमिलो पार्थिन् । तर कहिल्यै पनि आँसु देखाएर हिंडिनन् । कोही देश, विदेश बसेर आउँदा मरमसला तथा चिनी, चियापत्ती दिन्थे । तर सन्तरामले एक रुप्पे सम्झेनन् जहानहरू जिउककँ छन् भनेर । जुन दिन कुकुरले हाड छोडेभैं छोडेर हिंडेका थिए । अहो ! कस्तो मन हो निस्ठुरीको । कसैको बा कसैको पति । किन यसरी हिंडे र हिंडेको हिंडै भए । दुनियाँले केही बुभ्रेनन् । ऊनी सरिफ नै मान्छे हुन् । रक्सी खान्थेनन् । बाहिर मन डुलाएनन् । सन्तराम सन्त नै थिए । तर किन अन्त पुगेर बसेका होलान् एक्लै एक्लै ! तल जंगलनेर सिमसार जमिन छ । एक उपाय रचिन सुन्तलीले । मान्छे खोजे अनि खनेर खेत बनाए । पहिलो साल बाह्र पाथी जति धान उब्जेको पनि हो । केटाकेटी खुशीले नाच्ने खोजेका हुन् । भात पनि देख्न पाइने भयो भनेर । तर त्यो हर्ष टिकेन धेरै दिनसम्म । दोस्रो वर्ष हुँदा मुसलधारे पानी पऱ्यो । खोलामा मिसायो खेत पनि । सबैको खुशी फेरि चुँडेर लग्यो । सुन्तली रुनु न हाँस्नु भइछन् । भात खाम्ला भनेर खनेको खेत बाढीपहिरोले बगाउककंदा । ती अनजान बच्चाहरूको आँखा पनि बिफ्रे, मन पनि बिफ्रे । धेरै वर्ष आउन नसकेका सन्तराम एक पटक आएछन् । आफन्तकोमा पसेछन् र उतै बसेका रहेछन् । तर घरमा आएनन् । एकाएक हराए भैं भएका ऊनी किन आए होलान् यसरी, कसैले मेसो पाएनन् । तर उनछेक नापी टोली पुगेर नाप नक्सा चलेको रहेछ । सुईंको पाएरै ऊनी कुलेलम ठोकेर आएका रहेछन् । मान्छे पठाएर सुन्तलीलाई बोलाएछन् । अर्कैको घरमा भेट्ने गरी । सबै सन्तान बोकेर पुगेकी सुन्तली थिइन् । बच्चाहरूले बा हो भनेर पनि चिनेनन् । निकै बेर पछि बोले बच्चा काखमा लिएर । बुढ्दै जाँदा जग्गा सुन्तलीले आफै पास गरेकी रहेछिन् । यो सुनेर सन्तराम धन्नै बेहोस भएका रहेछन् । पछि ठूलो भगडा परेछ जोईपोइको । म ज्यूँदो हुँदाहुँदै तैंले कसरी जग्गा नापेर आफ्नो नाममा बनाइस् ? यसो भनेर ऊनी बौलाएर फोहोरो गाली दिएछन् । बाहिरीको अगाडि । तर सुन्तली सम्हालिएरै बोलिन् रे । सम्पत्तिको पिरले रन्थनिएका सन्तराम भोलि बिहानै उठेर कसैसककंग भन्दै नभनी भिसमिसे मै हिंडेछन् । घर बिर्सेर पनि जग्गा नाममा गर्न आएका ऊनी अब नफर्कने कसम खाएर पो हिंडेछन् । बाटामा गोठालाहरूले के भयो र काका ? भनेर सोध्दा त भन् भक्कानिएर रुँदै बाटो काटेर हिंडेका रहेछन् सन्तराम । तर कुनै सम्पर्कको माध्यम नहुँदा परिवार बेखबर नै रहे पछिसम्म । ऊनी कता गए कसैलाई अत्तोपत्तो भएन । अलि समय बितेपछि बल्ल खबर पाइन् सुन्तलीले सन्तराम जिउककँ छन् भन्ने । ऊनी त फेरि दौडेर दिल्ली नै पुगेछन् । तर सम्पत्तिको सन्तापले गर्दा अन्न न पानी भएर बसेछन् । काम छोडेर नसा सेवन शुरू गरेछन् । गर्दागर्दा बिहान साँभै बोतल हातमा लिइरहे । जिउने आधार नै नभएर ऊनी त सुकेर लौरो भैं भए रे । तर एक दिन अपसोच के परेछ भने, बाटो काट्न खोज्दै थिए । अलमल हुँदा सवारीले ठक्कर दिएछ । घटनास्थल मै ज्यान गुमाएछन् सन्तरामले । आफ्नो दुख लुकाएर गए तर परिवारको बिचल्ली ! यो दुखद घटनाको भोलिपल्ट आफन्तहरू जुटे । अन्तिम संस्कार गरेर गंगामा सेलाएछन् । तर सबै कुरामा बेखबर थिइन् सुन्तली । गाउँकै परिचित व्यक्तिले यो अशुभ खबर ल्याए । भोलिपल्ट बिहानै वरपर कै आफन्तहरू एकै पटक धारो लागेर आए । मान्छेको हुल देखेर सुन्तलीको होसहवास उडेर गयो । सबै अलि मलिन मुद्रामा रहेछन् । सन्तरामको खबर लिएर कान पार्न कै लागि जुटेका । 'ए काकी ! एक छिन यता आउनुस् न, केही कुरा छ ।' एक जना भतिज पर्ने बोलिहाले । 'के हो के ?' सुन्तली बरबराइन् । 'सन्तराम काका त स्वर्गेवास हुनु भयो नि !' 'हक्कं केरे बाबु केरे ? को रे को ?' सुन्तली भुइककंमा लडिहालिन् एकाएक । सबै मिलेर सम्हाले । पानीको बाटो गराए । उम्काए सुन्तली लाई । सन्तराम कै सिन्दूरको शर्तमा बसेकी ऊनी धेरै रोइन् । तर बालबच्चा हेरेर जिउनुको विकल्प थिएन ऊनीसँग । सुन्तलीले आत्मबल बढाएर बाँच्ने अठोट गरिन् । बेलाबेला सम्भिएर मन भक्कानी रहन्थ्यो ऊनको । कहिले त गीत गाएरैरात कटाउँथिन् । मन भुलाउन कै लागि भए पनि ।

भिरको टुनी हो.., जे हुनि भै गयो..
किन रुनि हो ?

तर सम्भिएर मन रुन छोडेन सुन्तलीको । घरीघरी माथि घोप्टे भिर तिर हेर्थिन् अनि चिच्याएर रूँला नै भैं गर्थिन् । सन्तरामको सम्भनाले सताएर । सन्तराम संसारै बाट हराए तर सुन्तलीको मनबाट कहिल्यै पनि हराएनन् । ऊनी मरेर गए पनि सन्तानको मुख हेर्थिन् र भलभली सन्तरामकै अंश भेट्ने गर्थिन्...।

*-साहित्यपोष्ट डटकम*

निबन्ध ● ● विनयकुमार शर्मा नेपाल

# नियति

के नियति प्रारब्ध वा भाग्य नै हो त ? वा नियति पूर्वकर्म वा हुनेहुनामी पनि हो ?

यस प्रश्नमा मानव सभ्यताको आरम्भदेखि नै विविध विचारहरु सम्प्रेषण भएकै हो । भाग्य भन्नासाथ अचानक हुने वा दैवी शक्तिले हुने भन्ने प्रचलनले ज्यादा प्राथमिकता पाएको छ भने अर्कोतिर विद्वानहरुले नियतिवाद र भाग्यवादलाई एकै डालोमा हालेर चर्चा गरेको पनि पाइन्छ । त्यसो भए हुने कुरा मात्र हुन्छ नहुने कुरा हुन्न भन्नु के नियतिवाद हो ? तर म सहमत छैन । हुने कुरा मात्र हुन्छ वा हुने कुरा कुनै हालतमा पनि भएरै छाड्छ भन्नुलाई म प्रकृति र प्रकृतिजन्य वस्तुको तारतम्यलाई बुझ्छु । अचानक हुने आधिदैविक भनिएका क्रियाकलाप जो मान्छेको वशमा हुन्न, त्यसलाई म मान्छेले गरेका वस्तुवादी कृत्यहरुको जोड मान्छु । जुन तत्काल हाम्रो दृष्टिमा त आउन्न तर प्रभाव त छ । यस्ता विभिन्न प्रभावको जोड हो तारतम्य, तर यस्ता प्रभावको हिसाब राख्ने मूर्खता कसले गर्ने ? किन गर्ने ? तब सजिलै भाग्य वा नियति भनिदिए हाम्रा पूर्वजले । वास्तवमा हामीले एक्कासी भएको देखेको घटना वा दुर्घटना चाहे त्यो दैविक (हाम्रो हिसाबको सम्भाताभन्दा बाहिरको) होस् वा मानव घटित, त्यो विनाकारण अचानक भएको हुन्न । के कुनै वस्तु वा तङ्ख वा कार्यको क्रिया कारणविना सम्भव छ ? एकएक सेकेन्डको तारतम्य जोडिएर घटना घट्छ । एकएक सेकेन्डको तारतम्यको जोडले दुर्घटना बचाउँछ । सेकेन्ड सेकेन्डको तालमेलले जीवन चल्छ र सेकेन्डको गडबडीले व्यवस्था धरमराउँछ । यो थाहा हुँदाहुँदै म किन तारतम्यलाई नियति वा भाग्यसँग जोडौं ?

तपाई नै भन्नोस्-प्रत्येक पुस्ताले आफ्नो सन्तान आधुनिक भएको वा बिग्रेको आरोप नयाँ पिँढीलाई लगाउँछ कि लगाउँदैन ? पुरानो पिँढी हमेसा पुरानैमा रहन चाहन्छ कि चाहँदैन ? नयाँमा लाग्नु भनेको अन्धकारमा फाल हाल्नुसरह हो भन्छ कि भन्दैन ? प्राय: जो कोही, सायद हामी पनि आजभन्दा हिजो सस्तो थियो, नैतिक थियो, राम्रो थियो, आनन्द थियो आदि आदि भनेर पुरानै ठीक हो भन्न र भनाउन चाहन्छौं कि चाहँदैनौं ? नयाँलाई स्वीकार नगरी पुरानैमा बाँच्न खोज्नु मात्र मान्छेले सुरक्षित हुन खोजेको हो कि होइन ? नयाँमा समस्या हुन्छ, अन्धकार हुन्छ नयाँ सधैं जानकारी बाहिर हुन्छ । पुरानो जानकारीभित्र हुन्छ, पारदर्शी हुन्छ, समस्याविहीन हुन्छ । त मान्छे किन समस्या जेलोस् ? तर तपाईं हेर्नोस् यो संसार सधैं नयाँले हाँकेको छ, राम, कृष्ण, बुद्धदेखि आजसम्मका सबै ज्ञानी, ध्यानी, विद्वान्, दार्शनिक, वैज्ञानिक, लेखक सबका सबले, जसले संसार हाँके वा आफूलाई चिनाए ती सबैले पुरानो छोडेर केही नयाँ गरे, पहिचान हमेसा नयाँबाटै बनेका छन् । राम राम वा कृष्ण कृष्ण जपेर को राम वा कृष्ण बने ? राम राम मात्रै जपेका भए के कृष्ण, कृष्ण हुन्थे ? जसले आफ्नो नवीन पहिचान देखायो उसैलाई संसारले सम्झ्यो । यति सानो सूत्र नबुझेर किन तपाई कसैले खनेको बाटोमा हिंड्नु हुन्छ ? आफै बाटो किन बनाउनु हुन्न ? किनकि नयाँमा खतरा छ, पुरानो खतरा मुक्त छ । खतरा मोल्न सक्नेले नै केही गर्ने हुन्, होइन र ? मान्छेको बितेको दिनको मोह नै चलन, प्रथा, संस्कारको प्रत्यक्ष अप्रत्यक्ष पृष्ठपोषक हो, पालनकर्ता हो । कतिपय वस्तु, विचार, दर्शन, तर्क आदि हिजोका ठीक हुनसक्छन् र आजको परिप्रेक्ष्यमा ठीक नहुन पनि सक्छन्, तर प्रथा, संस्कार र चलनहरु प्राय: ठीक ठानिन्न । कारण प्रत्येक पुस्ता पुरानोबाट निस्केर केही नयाँ गर्ने सोच राख्दछ । मानव विचार निरन्तर परिवर्तन हुन्छ । साधनस्रोतको सर्वसुलभता र मानवको व्यस्तताको पनि भूमिका रहन्छ । प्रत्येक चलन किन, कसरी, केको लागि भनेर आजको समयसँग त्यसको उपयोगिता र उपलब्धि खोजिनुपर्छ र छाँट्नुपर्छ । आँखा चिम्लेर बाजेले गरेकै कारण गर्ने काम कुनै युगले पनि किमार्थ ठीक ठान्न सक्दैन । प्रत्येक पुस्ता पुरानो छोड्न र नयाँ समात्न चाहन्छ, तर ऊ नै पुरानो ठीक नयाँ बेठीक पनि भनिरहन्छ । यस्तो द्वन्द्व छाडेर अब हामीले पुरानोबाट पाठ सिकेर नयाँ गर्ने आँट गर्नुपर्छ । मानवीय कृत्य र प्रकृतिको क्रिया-कलापको हिसाब राखेर तारतम्यको खाका वा रेखा देखाउन सक्नुपर्छ । भाग्य र नियति त मात्र हाम्रो दिमागी हिसाब किताबको सजिलो सूत्र हो । तपाईंका बाबुआमा, दाजुभाइ, दिदीबहिनीसमेत दश परिवार थिए । तिनको सङ्ख्या विवाहपश्चात् बिस वर्षमै दोब्बर हुन्छ कि हुन्न ? अनि तिनले जन्माएका सन्तान जोड्दा तेब्बर हुन्छ कि हुन्न ? अनि तिनले विवाह पश्चात् जोडेका नाता, आफन्त, नाताका नाता आदि जोड्दा कति हुन्छ ? र तिनका दश पुस्ताका सबै नातागोता कति हुन्छ ? कल्पना गर्न सक्नुहुन्छ ? जाबो यति त हिसाब राख्न नसक्ने नाथे मान्छेले प्रकृतिको एउटा एउटा क्रियाकलापको, धरतीका सम्पूर्ण मान्छेको, अन्य जीव र तिनको कार्यको के हिसाब राख्नु ? अन्दाज गर्नुहोस् न कतै यो देशका आधा मान्छे तपाईंकै नातागोता त पर्दैनन् ? अब लौ भन्नुहोस् त तिनले गरेको कर्म र त्यसको प्रभाव कसरी भाग्य वा नियति ? तपाईंका बाबु वा आमाको हिसाबले मात्र तपाईंको जीवन चल्दैन, न त तपाईंकी पत्नी वा पतिको हिसाबले मात्र तपाईंको जीवन चल्छ तिनीहरुसँग गाँसिएका सबैको केही न केही प्रभाव तपाई छेउ आए के भन्नुहुन्छ ? तपाईंले हिसाबै राख्न नसक्ने, जानकारी नै लिन नसक्नेहरुका प्रभावहरु तपाईंसम्म आइरहन्छन् र जोड घटाउ हुँदै प्रभाव पारिरहन्छन् । त्यसैले त भनिन्छ-'सुन्तला रोपेर कागती र कागती रोपेर सुन्तला कदापि फल्दैन ।' 'मान्छेले जस्तो कर्म गर्छ त्यस्तै फल पाउँछ ।' असत्य तत्काल भ्रम सिर्जना गर्न सक्छ, तर दीर्घकासम्म टिक्न सक्दैन । भ्रष्ट कामबाट धन कमाउनेको सन्तान भ्रष्ट भएजस्तै हो प्रभाव भनेको, होइन र ? एकछिन कल्पना गर्नुहोस् मानौं यहाँको जङ्गल मासिँदिंदा जति चाँडै यहाँ प्रकृतिले प्रभाव पार्ला त्यसको प्रभाव युरोप वा अमेरिकामा कति न्यून वा समयान्तरमा पर्ला ? कुरो दूरी र समयको मात्र हो । म यसलाई तारतम्य भन्न रूचाउँछु, तर भाग्यवादीहरु भाग्य भन्न र नियतिवादीहरु नियति भन्न रूचाउँछन् । यो संसारमा विनाकारण केही हुन्न, कोही जन्मन्न र केही मर्दैन । कहीँ न कहीँ कतै न कतैबाट तन्तु जोडिएको हुन्छ । यो ब्रह्माण्डमा केही विच्छिन्न छैन, कोही ठिङ्गो छैन । प्रकृतिका एकएक तङ्खसँग एकएक तङ्खको सम्बन्ध छ, सरोकार छ, प्रभाव छ हामीले देखौं कि नदेखौं । हाम्रो चक्षुको क्षमता बाहिरको कुरो जुन हाम्रै कृत्यले आउने हो त्यसलाई तारतम्य नभनेर म किन भाग्य भनौं हैं ?

यो संसारमा कुनै त्यस्तो कार्य हुन्न जसको कारण नहोस् । भाग्यवादीहरु कर्म गरेर मात्र कहाँ हुन्छ भाग्यमा छैन भने हुन्न भन्दछन् र कर्मवादीहरु त भन् भाग्यमा रत्ती पनि विश्वास गर्दैनन् । वास्तवमा जसले जे भने पनि भाग्य भनेको आफू वा आफूलाई प्रभाव पार्ने आफ्नो वा आफ्नो (पत्नी भए पतिको समेत) अगाडि पछाडिका पुस्ताहरुले हिजोका दिनहरुमा गरेकोसमेत कार्यसँग जोडिएको हुन्छ । आफू नसुने वा अरुलाई सुधार्न नसक्ने, आँट हिम्मत गरेर बेलामै बुद्धि पुऱ्याउन वा बोल्न-गर्न नसक्ने मान्छेको आफ्नै स्वभावको कारण, आफ्नो पुर्खाको स्थिति जसले मान्छेको आधा भविष्य पहिले नै तय गरेको हुन्छ, ती सबैको प्रतिफलहरु जो आफूबाट गरिएको नहुन पनि सक्छ, त्यसलाई नै मान्छेहरु नियति वा भाग्य भनेर बस्ने गर्दछन् । नत्र यो संसारमा कुन त्यस्तो बोट छ जुन कुनै न कुनै तवरले कसै न कसैबाट नरोपिइ उम्रिन्छ वा फल्छ ? रोपिनुको कारण यान्त्रिक वा प्राकृतिक जेसुकै होस् । अर्कोतिर मान्छेलाई यन्त्रले अप्राकृतिक अर्थात् प्रायोजित बनाइसकेको यस युगमा जब कुनै पनि मान्छेलाई भोग गरिरहेको सुविधा उपलब्ध हुन सक्तैन, तब ऊ कठिनाइ वा असुविधा अनुभव गर्न थाल्छ, त्यसलाई उसले गर्वको रुपमा र उसका आफन्तहरु हीनताको रुपमा बुझ्दछन्, यही अन्तराल मेटाउन मान्छे एउटा समाज वा सम्बन्ध छोडेर अर्को समाज वा सम्बन्धभित्र पस्दछ । जीवन र जगत्लाई हेर्न, यिनका क्रियाकलापलाई बुझ्न जीवनको सीमा, आँखाको सीमा, मुटुको सीमा, बुद्धिका सीमा, शरीरका सीमा, सीमै सीमाको कैद, मान्छेलाई सजिलो छैन, यो सबैले सोच्ने वा बुझ्ने कुरो पनि होइन । बिनसित्ति टाउको कसले दुखाओस् ? किन माथापच्ची गरोस् । सबै कुरा हिसाबकिताबमा आउन्न, छि' हुन्छ गणितशास्त्रमा पनि ।

सालाको कारण अन्धकार काकाको अनुहार हेरेर मेरो अनुहार अन्धकार भयो र मेरो अन्धकार अनुहारको भाव पढेर मेरी स्वास्नीलाई चौपट्टै चिन्ता भयो, दिदीको चिन्ता देखेर मेरो सालो उसकी पत्नीसँग सल्लाह गर्न पुग्यो, यही हो प्रभावको हिसाबकिताब ! शून्यमा शून्य घटायो तैपनि एक बाँकी । 'बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बीँड' भनेको यही हो । के मान्छे भाग्य वा नियतिको दास हो ?

ए हजुर, यो संसारमा त्यस्तो के चीज छ जसको दास मान्छे छैन ? प्रकृति सुन्दर छ, मनमोहक छ, सम्पूर्ण सृष्टि र प्राणीको जीवन हो प्रकृति, तर त्यसो भनेर एउटा मान्छेले चउरमा रात बितायो भने ऊ बिरामी पर्छ । प्रकृति वास्तवमै सुविधाको भए मान्छेले समाजको कदापि निर्माण गर्दैन थियो, त्यसैले प्रकृति राम्रो छ, सौन्दर्यपूर्ण छ तर सुविधा छैन । प्रयोग गर्न जाने औषधी विष र विष औषधी बन्न सक्छ । सम्पूर्ण कृत्यको निर्भरता मानवको आफ्नै क्रियाकलाप हो । वास्तवमा भाग्य भनेको आफू वा आफूलाई प्रभाव पार्ने आफ्नो वा आफ्ना समेतको अगाडि पछाडिका पुस्ताहरुले हिजोका दिनहरुमा गरेका जो कर्मसँग जोडिएको हुन्छ । आँट वा हिम्मत गरेर बेलामै काम गर्न र बुद्धि पुऱ्याउन नसक्ने मान्छे आफ्नै स्वभावका कारण अनि आफ्नो पुर्खाको स्थिति जसले मान्छेको आधा भविष्य पहिले नै तय गरेको हुन्छ ती सबैको प्रतिफलहरु जो आफूबाट नगरिएको पनि हुनसक्छ, त्यस्तो आकस्मिकलाई नियति वा भाग्य भनेर बस्दछन् र आफ्ना सबै ज्ञान, बुद्धि, विवेकलाई भाग्य वा नियतिको थाप्लामा थन्काएर बाँच्ने तरिका खोज्छन्-अकर्मण्यहरु । अब भन्नोस् त नियति प्रारब्ध वा भाग्य नै हो कि ? मान्छे आफैले गरेको निम्त्याएको क्रियाकलाप वा तारतम्य हो ?

*-समकालीन साहित्य*

बगनासकालीमा स्वास्थ्यको वार्षिक समीक्षा

# सेवालाई प्रभावकारी बनाउन केन्द्रीत छौं : अध्यक्ष चिदी




**पाल्पा,** साउन ३०/जिल्लाको बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले वडातहदेखि पालिका केन्द्रसम्मका सेवालाई प्रभावकारी बनाउन आफुहरु केन्द्रीत रहेको बताएकी छन् । गाउँपालिकाको स्वास्थ्य शाखाको वार्षिक समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै उनले सेवा प्रभावलाई प्रभावकारी बनाउन आफुहरु लागि परेको बताएकी हुन् ।

अध्यक्ष चिदीले सबै तहका कर्मचारीहरुलाई आम नागरिकले महसुस गर्ने गरी सेवा प्रवाह गर्न समेत आग्रह गरेकी छन् । उनले स्वास्थ्य क्षेत्र नागरिकको जीवन सुरक्षित गर्ने संवेदनशील क्षेत्र भएकाले पालिकाले स्वास्थ्य क्षेत्रमा गरेको प्रगतिलाई निरन्तरता दिन स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारीहरू भूमिकालाई अझ सक्रिय बनाउँदै लैजानुपर्नेमा जोड दिइन् । कर्मचारीको समन्वय, सहकार्यबाट नागरिकलाई सहज, सर्वसुलभ र प्रभावकारी सेवाप्रवाह गर्न स्वास्थ्यकर्मीलाई अध्यक्ष चिदीले सुझाव समेत दिइन् । गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठकले बगनासकाली गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा गरेको लगानी अनुसारको प्रतिफल प्राप्त गरिरहेको बताए । समीक्षा कार्यक्रम वर्षभरिका उपलब्धी मापन गर्ने विषय रहेकाले आगामी दिनमा थप गतिशिल हुने गरी सेवाप्रवाह गर्न उनले सुझाव दिए । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज छिनालले वर्षभरिका कामको तथ्याङ्क मात्र नभई सेवाप्रवाह, सामाजिक उत्तरदायित्वको समीक्षासहित कर्मचारीमा सद्भाव र एकता कायम गरी स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाउनुपर्ने बताए ।

गाउँपालिको सभाहलमा भएको समीक्षामा बगनासकालीका ९ वटा वडामा रहेका स्वास्थ्य संस्थाहरूको आर्थिक वर्ष २०८०/८१ मा गरेको कार्य प्रगतिको समीक्षा गरिएको छ । समीक्षामा गाउँपालिकाका स्वास्थ्य शाखाप्रमुख मणिराम अधिकारीले पालिकाभित्रका विभिन्न स्वास्थ्य संस्थाबाट ३९ हजार ८ सय ४७ पटक नागरिकले सेवा लिएको बताए । समीक्षाबारे टिप्पणी गर्दै स्वास्थ्य कार्यालय पाल्पाका क्षयकुष्ठ अधिकृत विश्वनाथ न्यौपानेले विशेषज्ञ सेवा जिल्लास्तरका स्वास्थ्यसंस्थामा हुने भएपनि स्वास्थ्यलाई मध्यनजर गर्दै राज्यले प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र अवधारणा अगाडि सारेको बताए । उनले स्वास्थ्यकर्मीहरू समुदायमा कम जाने गरेको, सेवाग्राहीसँगको अन्तर्क्रियामा कमी भएको, तथ्याङ्कमा एकरुपकता नभएकाले सेवालाई गुणस्तरीय बनाउन सुझाव दिए । 'समग्रमा समीक्षा राम्रो देखिएको छ' उनले भने, 'तथ्याङ्कमा एकरूपकता कायम गर्न खोप कार्यक्रम प्रभावकारी बनाउँदै समुदायमा जनस्वास्थ्यका कार्यक्रमतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ ।' गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज छिनालको अध्यक्षता, स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीको स्वागत, शि.अहेव नोदप्रसाद बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## इन्टर मियामी लिग्स कप बाट बाहिरियो



**काठमाडौं,** साउन ३०/इन्टर मियामी लिग्स कपको अन्तिम-१६ बाट बाहिरिएको छ । लोअर डट कम फिल्डमा बुधबार भएको खेलमा मियामी कोलम्बस क्रूसँग ३-२ ले पराजित भएको हो ।

मियामीले खेलको ६२ औँ मिनेट अगाडिसम्म दुई गोलको अग्रता लिएको थियो । तर अन्तिमसम्म अग्रता जोगाउन सकेन । मियामीका लागि खेलको १० औँ मिनेटमा माटियस रोजास र ६२ औँ मिनेटमा डिएगो गोमेजले गोल गरे । त्यसपछि कोलम्बसले खेलमा पुनरागमन गऱ्यो । उसका किश्चियन रामिरेजले ६७ औँ मिनेटमा र डियागो रोसीले खेलको ६९ औँ र ८१ औँ मिनेटमा गोल गरे । कोपा अमेरिका खेलका क्रममा बल्झिएको घुँडाको चोटका कारण मियामीका लियोनल मेस्सी यो खेलमा समेटिएका थिएनन् । मियामीमा आवद्ध भएलगत्तै अघिल्लो सिजन मेस्सीको उत्कृष्ट प्रदर्शनमा मियामीले पहिलो पटक लिग्स कपको उपाधिसमेत जितेको थियो ।

अर्थ/कर्पोरेट समाचार

## व्यवसायीका सवारी साधन भलाई कोषमा आवद्ध गराउन सम्झौता



**बुटवल,** साउन ३०/व्यवसायीका सवारी साधनहरु भलाई कोषमा आवद्ध गराउन सम्झौता भएको छ । यातायात मजदूर तथा व्यवसायी भलाई कोष बुटवल र सिद्धार्थ उद्योग वाणिज्य संघ भैरहवाबिच सवारी साधनहरु भलाई कोषमा आवद्ध गराउन द्विपक्षीय सम्झौता भएको हो ।

सम्झौतापछि संघमा आवद्ध व्यवसायीका निजी तथा सार्वजनिक सवारी साधनहरु भलाई कोषमा आवद्ध गराउने छ । सम्झौतामा दुवै संस्थाका पदाधिकारीहरुले हस्ताक्षर गरेका छन् । संघले आफ्ना व्यवसायीका सवारी साधन कोषमा दर्ता भएर सञ्चालन गर्ने सम्झौता गरेको कोष बुटवलका अध्यक्ष दिनेश फुल्लेले बताए । सम्झौतामा निजी तथा भाडामा चल्ने सवारी साधनका अतिरिक्त सिद्धार्थ उद्योग वाणिज्य संघमा आवद्ध व्यवसायीका मोटरसाईकल तथा स्कुटरहरु समेत कोषमा नियमानुसार शुल्क बुझाई आवद्ध गर्ने उल्लेख छ । सम्झौतामा २०८१ कात्तिक ३० सम्म कोषले आवद्धता नि:शुल्क गरिदिने उल्लेख छ । त्यसैगरी कोषमा मासिक शुल्क बुझाउने व्यवसायीलाई २ सय छुट प्रदान गर्ने गरी सम्झौता भएको संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले जानकारी दिए ।

त्यस्तै सवारी साधन बाटोमा दुर्घटना भई जीवित क्षति तथा तेस्रो पक्षको निर्जिव क्षतिको सम्पूर्ण लगानी कोषले गर्ने छ । आफ्नो गाडीको व्यापक बीमा भएको अवस्थामा दुर्घटनाको कारण क्षति भएमा लागेको खर्चमा कोषले ५० प्रतिशत व्यहोर्ने सम्झौतामा उल्लेख छ । त्यस्तै दुर्घटना भई चालकलाई हिरासतमुक्त गर्दा लाग्ने खर्च पनि भलाई कोषले व्यहोर्ने छ । त्यस्तै मोटरसाईकल र स्कूटर दुर्घटना हुँदा २ जनासम्मको उपचार खर्च रकम १५ लाख कोषले लगानी गर्ने सम्झौता पनि भएको छ । सम्झौतापछि व्यवसायी उत्साहित भएका छन् ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



## हार्दिक बधाई तथा शुभकामना





हाम्रा शुभेच्छुक, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **लुम्बिनी प्रदेश सांस्द माननीय खेमबहादुर सारू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

मोहन प्रसाद सापकोटा
प्रधानाध्यापक

एवं

राजेश कुमार अर्याल
अध्यक्ष

**दमकडा नमूना माध्यमिक विधालय परिवार**
तानसेन-९, दमकडा, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई